बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय
हेटौंडा, मकवानपुर

**विषय: प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

प्रकाशित मिति : २०८२/८/२५

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिम मार्फत सशक्तिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यस कार्यालयको सेवा क्षेत्र सिन्धुली,मकवानपुर र चितवन जिल्ला भित्र अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुबाट "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१" परिच्छेद-४ को दफा-१० बमोजिम तपसिलको कागजातसहित कार्यविधिको अनुसूची-१ को ढाँचामा कार्यक्रम प्रस्तावपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८२ पौष १० गतेसम्म) यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| अनुदान कार्यक्रम | संघसंस्थाले पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | १. कार्यविधिको अनुसूची-१ बमोजिमको अनुदान कार्यक्रम प्रस्तावपत्र,<br>२. प्रचलित कानून बमोजिम संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नं.(PAN No) दर्ता प्रमाण पत्र प्रतिलिपि,<br>३. संस्थाको अघिल्लो आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्र, संस्था नवीकरणको प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,<br>४. संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,<br>५. संस्था सञ्चालक समिति गठन सम्बन्धी निर्णय प्रतिलिपि र संस्थाका सञ्चालकहरुको नामनामेसी विवरण (सम्पर्क नं. सहित)तथा तस्विरहरु,<br>६. समाज कल्याण परिषदमा आवद्धताको प्रमाणपत्र वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्र,<br>७. संस्थाको अनुभव र संस्थाले गरेका मुख्य कार्यहरुको विवरण,<br>८. संस्थाको सञ्चालक समितिले अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,<br>९. जिल्ला समन्वय समितिको सिफारिस सहित कार्यक्षेत्र यकीन गरी पेश गर्नुपर्ने,<br>१०. चालु आ.व.मा अन्य सरकारी निकायबाट उल्लखित शीर्षकमा अनुदान स्वीकृत नभएको व्यहोरा सम्बन्धित स्थानीय तहको सिफारिस ।<br><br>कार्यक्रम प्रस्ताव पत्र तयार तथा पेश गर्दा ध्यान दिनु पर्ने मुख्य बुँदाहरु:-<br>• कार्यक्रम प्रस्ताव गर्दा स्वीकृत कार्यक्रमको लक्ष्य र कार्यविधि अनुरुप मात्र प्रस्ताव गर्नुपर्नेछ,<br>• कार्यक्रमको प्रस्ताव पत्र (व्यक्तिलाई आत्मनिर्भर बनाउने कार्यक्रम समावेश गर्ने)<br>• प्रस्तावित कार्यक्रमको आवश्यकता र औचित्यता तथा अपेक्षित प्रतिफलका बीचमा सह सम्बन्ध हुनु पर्नेछ,<br>• संस्थाको भौतिक पूर्वाधार विवरण सम्बन्धी प्रस्तावनामा उल्लेख गर्दा उक्त बुँदामा उल्लेख गरिएका कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ,<br>• प्रस्तावित कार्यक्रमको बजेटमा संस्थाको आन्तरिक तथा अन्य निकायहरुसँगको स्रोत साझेदारी परिचालनको अंश उल्लेख भएको हुनुपर्नेछ,<br>• प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्ड बमोजिम कार्यक्रम खर्चको प्रस्ताव गर्नु पर्नेछ । |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । साथै चालु आ.व.मा मन्त्रालय तथा अन्तर्गतका कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेका संस्थाहरुले यस कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न पाउने छैनन् । | |

पुनश्च: "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१" सामाजिक विकास मन्त्रालय,बागमती प्रदेशको वेबसाइट http://www.mosd.bagamati.gov.np र यस कार्यालयको वेबसाइट https://sdohetauda.bagamati.gov.np मा हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८६०१५५१७४ वा ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिनेछ।

कार्यालय प्रमुख
सूर्य बहादुर दाहाल
कार्यालय प्रमुख